# प्रदेश सभा

# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**बैठक संख्या :- ३१**

मिति २०८१।०२।११

## छलफल तथा निर्णय

निर्णयहरु

१. अर्थ, विकास तथा प्राकृतिक श्रोत समितिको आजको बैठकमा उपस्थित सदस्यहरुमध्ये जेष्ठ सदस्य माननीय बहादुर सिंह थापाज्यूको सभापतित्वमा आजको बैठक बस्यो ।

२. चालु आ.व.मा मन्त्रालयको स्विकृत बजेट तथा कार्यक्रममध्ये हालसम्मको प्रगति विवरण तथा आगामी आ.व.को लागि सरकारको नीति तथा कार्यक्रम र बजेट निर्माणको प्रक्रियाको अवस्थाका बारेमा समितिका सदस्यहरुको चासो उत्पन्न भएकोले तत्सम्बन्धमा छलफल परामर्श गर्नका लागि भौतिक पुर्वाधार विकास मन्त्रालयका सचिवलाई आमन्त्रण गरिएकोमा समितिका सदस्यहरु माननीय राजेन्द्र सिंह रावल, माननीय ललिता सुनार, माननीय तारा प्रसाद जोशी, माननीय मेघराज खड्का, माननीय शिवसिंह ओली, माननीय बहादुर सिंह थापा, माननीय चक्र बहादुर मल्ल लगायतले मन्त्रालयको तेस्रो चौमासिक प्रगति समिक्षाका सम्बन्धमा जिज्ञासा राख्नुभए पश्चात् मन्त्रालयका सचिव सुरत कुमार बम र सि.डि.ई. मोहन बहादुर कुँवरले समितिमा उठेका जिज्ञासाहरुको जवाफ दिनुभयो।

३. सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक वर्ष ०८१।०८२ को नीति तथा कार्यक्रम र वार्षिक बजेट तर्जुमा गर्दा हरेक आयोजनाहरुको कार्यान्वयन पक्ष मजबुत हुने र काममा दिगोपना आउने गरी आफ्ना क्रियाकलापहरु सञ्चालन गर्ने, गतविगत देखि सर्दै आएका दायित्वहरु न्युनिकरण गर्ने र आगामी आ.व. मा चालु वर्षको दायित्व नसर्ने व्यवस्था कायम गर्नेतर्फ मन्त्रालयले विचार पुऱ्याउन भौतिक पुर्वाधार विकास मन्त्रालयलाई निर्देशन दिईयो ।